# लोहारपट्टी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी

मधेश प्रदेश, नेपाल

## डाक बडावढको सार्वजनिक सूचना

**पहिलो पटक प्रकाशित मिति :-२०८०।०२।०४**

यस लोहारपट्टी नगरपालिका अन्तर्गत रहेका देहायको हाट बजार तथा पोखरी ठेक्का व्यवस्थापन गर्न २०८० साल जेष्ठ २० गते देखि लागु हुने गरी तपशिलमा उल्लेख मिति, समय, स्थान र अवधिका लागि लागि खुल्ला डाक बडावढद्धारा ठेक्का बन्दोवस्त लगाउन निम्न शर्त बन्देजहरुको अधिनमा रहि खुल्ला डाकबढावढ हुने भएकोले सबै सर्वसाधारणमा जानकारीको लागि १५ दिने सूचना प्रकाशित गरिन्छ ।

**तपशिल :-**

१. खुल्ला डाकबढावढ हुने हाट बजार र पोखरीहरुको नाम,स्थान र खुल्ला डाकबढावढ हुने स्थान तथा न्यून्तम सरकारी कायम गरिएको रकम :-

| क्र.स. | हाट वजार / पोखरीको नाम | ठेगाना | ठेक्का लाग्ने अवधि (वर्ष) | न्यूनतम ठेक्क अंक |
|---|---|---|---|---|
| १ | भ्रमरपुरा तरकारी वजार | वडा नं. ७ | १ वर्ष | ४,१०,०००।- |
| २ | पूर्णी पोखरी कविरगम्मा | वडा नं. ८ | ३ वर्ष | ३,००,०००।- |
| ३ | खुट्टा तरकारी वजार | वडा नं. ४ | १ वर्ष | २,००,०००।- |
| ४ | सुब्बाजी पोखरी खुट्टा | वडा नं. ४ | ३ वर्ष | १५,००,०००।- |

२. ठेक्का बन्दोवस्तीको अवधी हाट वजारको सन्दर्भमा १ (एक) वर्ष र पोखरी ठेक्का अवधि ३ वर्षको हुनेछ ।

३. यस नगरपालिकाको कार्यालयको कुनै ठेक्का बन्दोवस्तको बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा संस्थाले यसमा भाग लिन पाउने छैन ।

४. डाकबढावढ ठेक्का अंकको नेपाली नागरिकले ५ % र गैर नागरिकले १० % रकम डाकबढावढ गर्दा धरौटी स्वरुप रकम तत्कालै नगद राख्नु पर्ने छ ।

५. खुल्ला डाक बढावढ यस न.पा.को कार्यालयमा मिति २०८० साल जेष्ठ १८ गते दिनको १:०० बजे देखी ५:०० बजे सम्म हुनेछ ।

६. ठेक्का स्वीकृत भएपछि ठेक्का वापतको कबोल रकम तीन किस्तामा जम्मा गर्नु पर्नेछ ।

७. ठेक्का वापतको कबोल किस्ता रकम नगरपालिकाको कार्यालय लोहारपट्टीको एन.आई.सि.एशिया बैंकमा रहेको राजश्व खाता नं.१३६२०५००२८७५३००२ मा दाखिला गर्नुपर्नेछ ।

८. ठेक्का वापतको कबोल अंकको पहिलो किस्ता रकम जम्मा गरी सोको सक्कलै बैंक भौचर साथ चलन पूर्जि पाउनको लागि निवेदन दिएमा कबुलियतनामा तथा सम्फौता गरी चलान पूर्जि दिनेछ ।

९. ठेकेदारले भोगचलन गर्दा यस कार्यालयको निर्देशन र कबुलियतनामा तथा सम्फौतामा उल्लेखित शर्त बमोजिम गर्नु पर्नेछ ।

१०. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. डाकबढावढ दाता तथा लोहारपट्टी नगरपालिका बीच कुनै किसिमको मतभिन्तता भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१२. खुल्ला डाक बढावढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलि पल्ट सोही समय र स्थानमा खुल्ला डाकबढावढ गरिनेछ ।

१३. खुल्ला डाकबढाबढ गर्दा लो.नपा.को अधिकारीक प्रतिनिधि र नजिकै रहेको प्रहरी चौकी प्रमुख वा प्रतिनिधिको उपस्थित अनिवार्य हुनेछ ।

१४. खुल्ला डाक बढावढको लागि उल्लेखित शर्तमा उल्लेख गर्न छुट भएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. डाक बढावढ सबै भन्दा बढी कबोल अंक भएकालाई स्वीकृत गरिनेछ ।

१६. खुल्ला डाकबढावढ सम्बन्धमा केही आवश्यक कुरा बुझ्नु परेमा कार्यालय समय भित्र वा मो.नं. ९८५४०३१५२०, ९८४४०३१४७० मा सर्म्पक राख्न सकिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**